# सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक,ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

स्था:२०७३

## प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

सूचना नं. ६२,२०८२/०८३ आर्थिक विकास शाखा(कृषि)

पहिलो पटक सूचना प्रकाशित मितिः २०८२ पौष २३ गते बुधवार

सिरीजङ्घा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेख भए बमोजिमको कार्यक्रम संचालन गर्नको लागि आर्थिक विकास समितिको मिति २०८२।०९।०९ गतेको निर्णयानुसार यस गाउँपालिका भित्रका कृषक समूह/कृषि सहकारी/निजी फार्महरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८२।१०।१३) गते भित्र वा सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा) भित्र तपसिल बमोजिमको आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश हुने छैनन् ।

तपसिलः

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक स्वीकृत वजेट रु.(हजारमा) | न्युनतम मापदण्ड तथा प्रासङ्गिक विषयहरु | कै. |
|---|---|---|---|---|
| १. | साना सिंचाई प्रवर्द्धन कार्यक्रम (संघीय सशर्त अनुदान) | १००० | १) यस कार्यक्रम अन्तर्गत कृषि उद्यमी, कृषक समूह/कृषि सहकारी/कृषि संग सम्बन्धीत समिति/जल उपभोक्ता समिति/टोल विकास संस्थाहरुले आवेदन दिन सक्नेछन् । साथै सामुहिक रुपमा सिँचाइको उपभोग गर्ने उपभोक्ताहरुले पनि यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजना छनौट गरी एकमुष्ट आवेदन दिन सक्नेछन् । ।<br>२) यस कार्यक्रम अन्तर्गत कृषि योग्य जमिनमा सिँचाईको सुविधा बढाउनको लागि साना सिँचाई | |

८२।०९।२३
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | पुर्वाधार निर्माण/स्तरोन्नतीका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।<br>३) यस कार्यक्रमबाट साना सिंचाईका पूर्वाधार विस्तार/स्तरोन्नति, नयाँ निर्माण तथा मर्मत जस्ता कार्यहरु मात्र गर्न सकिनेछ ।<br>४) यस कार्यक्रम अन्तर्गत पक्की सिँचाई पोखरी, प्लाष्टिक पोखरी, सिँचाई पाइप वितरण, सिँचाई मोटर, नविन सिँचाई प्रविधि(थोपा सिँचाई, स्प्रिङ्कलर सिँचाई) विस्तार जस्ता क्रियाकलापहरु गर्न सकिनेछ ।<br>५) कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा कृषि उद्यमी वा लाभग्राही समूदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधार(सामूदायिक सिंचाइ पूर्वाधार) को हकमा अनुदानको सिमा अधिकतम ८५ प्रतिशत, निजि कृषि पुर्वाधारको हकमा अधिकतम पचास(५०%) प्रतिशत अनुदानको सिमा रहनेछ र बाँकी प्रतिशत उपभोक्ताले वेहोर्नु पर्नेछ। | |

२०८२/०५/२२

.............................
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत



sirijanghamun.gov.np

००९७७-९८५-२६६०-३३२

sirijangharuralmunicipality@gmail.com

# सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

स्था:२०७३

आबश्यक कागजातहरु:

१) अनुसुची- २ बमोजिमको ढाँचामा आवेदन र प्रस्ताव फारम,

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

३) संस्थादर्ताको प्रमाणपत्रको प्रतिलिपी, निर्णयको प्रमाणित प्रतिलिपी र लाभग्राहीहरुको नागरिकताको प्रतिलिपी,

४) गत आ.व.को लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी,

५) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी,

६) विगत दुई आ.व. मा अन्य कुनै पनि निकायहरुबाट सम्बन्धीत कार्यक्रममा अनुदान नलिएको स्व-घोषणा पत्र,

७) प्रतिवद्धता पत्र।

८) अन्य आवश्यक कागजातहरु ।

थप जानकारीको लागि सम्पर्कः ९८६८३२३१४०, ९८६२७७४९१६

..............................

डम्बर बहादुर आङदेम्बे

प्रमुख प्रशासकीय अधिकृत



sirijanghamun.gov.np

sirijangharuralmunicipality@gmail.com

००९७७-९८५-२६६०-३३२